बैठक संख्या : ०७

आज मिति २०८२ साल मंसिर ०८ गते सोमवार दिउसो २:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री थमन बहादुर रेश्मी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री भिम बहादुर नेपाली | शिक्षा अधिकृत |
| श्री सुरेन्द्र पोखरेल | सहायक लेखा अधिकृत |
| श्री सन्तोष सुवेदी | सहायक कम्प्युटर अधिकृत |

**निर्णय नं १ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्न चालु आर्थिक वर्षमा विनियोजित बजेट अपुग हुने देखिएकोले अपुग हुने रकम रु २,६०,०००/- अक्षेरुपी दुई लाख साठी हजार रुपैयाँ आगमी गाउँसभामार्फत संचित कोषबाट विनियोजन हुने गरि जम्मा ८ लाख ५० हजार रुपैयाँको अधिनमा रही कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिका भित्र प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम व्यवस्थित तरिकाले सञ्चालन गर्ने उद्देश्यले निर्माण गरिएको "प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८२" स्वीकृत गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्नको लागि गत आर्थिक वर्ष २०८१।०८२ मा गठन भएको शिक्षा योजना निर्माण निर्देशन समिति र शिक्षा योजना निर्माण लेखन समितिलाई चालु आ व २०८२।०८३ मा योजना निर्माण गर्ने कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

